September 04, 2024

Wednesday

National News

<u>प्रमुख समाचार:</u>

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई सिंगापुरमा भव्य स्वागत
2. राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुद्वारा लातूर, महाराष्ट्रमा विश्वशान्ति बुद्ध विहारको उद्घाटन
3. सतीश कुमार करुणाकरण र शंकर सुब्रमण्यम ताइपेई ओपन ब्याडमिन्टन प्रतियोगितामा पुरुष एकलको क्वार्टरफाइनलमा प्रवेश
4. पेरिस पारालिम्पिकमा भारतका सचिन सर्जेराव पुरुष सटपुटमा रजत पदक जित्न सफल

## 1. PM -Brunei – Singapore Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदी ब्रुनाईको सफल भ्रमण सकेर आज सिंगापुर पुग्नुभएको छ। उहाँ सिंगापुरका समकक्षी लरेन्स वोङको निमन्त्रणामा त्यहाँ जानुभएको हो । सिंगापुरका गृहमन्त्री श्री के शान्मुगमले प्रधानमन्त्रीलाई स्वागत गर्नुभएको थियो । सिंगापुरमा प्रधानमन्त्रीलाई त्यहाँ बसोबास गर्ने भारतीय समुदायले न्यानो स्वागत गरेका थिए । साँझ सिंगापुरका प्रधानमन्त्रीले श्री मोदीको सम्मानमा निजी रात्रिभोजको आयोजना गर्नु हुनेछ। भोलि दुई नेताले भारत-सिंगापुर रणनीतिक साझेदारीको प्रगतिको समीक्षा गर्ने र पारस्परिक हितका क्षेत्रीय अनि विश्वव्यापी मुद्दाहरूमा छलफल गर्ने कार्यक्रम छ। त्यसपछि प्रधानमन्त्री श्री मोदीले सिंगापुरका राष्ट्रपति र अन्य विशिष्ट व्यक्तिहरूसँग भेट गर्नु हुनेछ। उहाँले सेमीकन्डक्टर उत्पादन इकाईको पनि भ्रमण गर्नु हुनेछ। हाम्रा संवाददाताका अनुसार प्रधानमन्त्रीको सिङ्गापुर भ्रमणले भारतको एक्ट ईस्ट नीतिलाई थप मजबुत बनाउने छ। श्री मोदी झण्डै छ वर्षपछि सिंगापुर भ्रमणमा जानुभएको हो। यसअघि आज भारत र ब्रुनेईबीच टेलिमेट्री, ट्र्याकिङ र टेलिकमाण्ड स्टेसनहरूका लागि उपग्रह र प्रक्षेपण सवारी साधन सञ्चालनमा सहयोग गर्ने सम्झौतामा हस्ताक्षर भएको थियो। बन्दर सेरी बेगवानमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र ब्रुनाईका सुल्तान हाजी हसनल बोल्कियाहबीच प्रतिनिधिमण्डलस्तरीय वार्तापछि यो सम्झौता गरिएको हो। यस अवसरमा प्रधानमन्त्रीले भारतको एक्ट इस्ट र हिन्द-प्रशान्त नीतिमा ब्रुनाईले महत्त्वपूर्ण स्थान राखेको बताउनुभयो, जुन दुवै देशको उज्ज्वल भविष्यको ग्यारेन्टी हो। श्री मोदीले यो वर्ष भारत-ब्रुनाई द्विपक्षीय साझेदारीको ४०औं वार्षिकोत्सव मनाइनु पनि सुखद संयोग भएको बताउनुभयो ।

## 2. Singapore Investment

यसैबीच सिंगापुरको एउटा ठूलो समूहले आगामी चार वर्षमा भारतमा करिब ९० हजार २८० करोड रुपैयाँ लगानी गर्ने घोषणा गरेको छ । प्रधानमन्त्री श्री नरेन्द्र मोदी आज सिंगापुर पुग्नुअघि यो घोषणा गरिएको हो।

3. Prez Buddha Bihar

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज उदगीर लातूर जिल्लामा विश्वशान्ति बुद्ध विहारको उद्घाटन र समर्पण गर्नुभयो। उहाँले विहारभित्र गौतम बुद्धको प्रतिमा स्थापना गर्नुका साथै डा. बाबासाहेब अम्बेडकरको प्रतिमामा पुष्पहार अर्पण गर्नुभएको थियो । यो बुद्ध विहार कर्नाटकको कालाबुर्गीमा अवस्थित बुद्ध विहारको प्रतिकृति हो। १५ हेक्टरमा फैलिएको यो बुद्ध विहारमा एक हजार दुई सय अनुयायीहरू बस्न सक्ने ध्यान केन्द्र पनि छ। बिहारको साँची स्तूपबाट प्रेरित भएर यसको मुख्य प्रवेशद्वार निर्माण गरिएको हो।

4. PREZ - Teachers

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले भोलि नयाँ दिल्लीमा ५० शिक्षकहरूलाई राष्ट्रिय शिक्षक पुरस्कार २०२४ प्रदान गर्नु हुनेछ। केन्द्रीय शिक्षा मन्त्रालयका अनुसार राष्ट्रिय शिक्षक पुरस्कारको उद्देश्य देशका केही उत्कृष्ट शिक्षकहरूको अनुपम योगदानलाई कदर गर्नुका साथै विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नु मात्रै नभई उनीहरूको जीवनलाई पनि समृद्ध गर्नु हो। प्रत्येक पुरस्कारमा योग्यता प्रमाणपत्र, नगद ५० हजार र रजत पदक रहेको छ ।

5. Home Ministry - Tripura

केन्द्र, त्रिपुरा सरकार, नेशनल लिबरेशन फ्रन्ट अफ त्रिपुरा-एनएलएफटी र अल त्रिपुरा टाइगर फोर्स-एटीटीएफका प्रतिनिधिहरूबीच आज नयाँ दिल्लीमा एउटा सम्झौता पत्रमा हस्ताक्षर भएको छ। सो अवसरमा गृहमन्त्री श्री अमित शाह, त्रिपुराका मुख्यमन्त्री श्री माणिक साह र गृह मन्त्रालय र त्रिपुरा सरकारका वरिष्ठ अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो। यस अवसरमा गृहमन्त्रीले एनएलएफटी र एटीटीएफले हतियार त्यागेर मूलधारमा सामेल हुनु र त्रिपुराको विकासमा आफ्नो प्रतिबद्धता व्यक्त गर्नु खुशीको कुरा भएको बताउनुभयो ।

6. Nagaland Ceasefire

केन्द्र सरकारले नागाल्याण्ड–खापलाङ्को राष्ट्रिय समाजवादी परिषद्सँगको युद्धविराम सम्झौतालाई एक वर्षका लागि थप गरेको छ । प्रदेशमा दिगो शान्ति प्रवर्द्धनका लागि सेप्टेम्बर ८ देखि लागू हुने गरी यो सम्झौता एक वर्षका लागि लम्ब्याउने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ ।

## 7. Dharmendra Pradhan

शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले भारतको सबैभन्दा ठूलो शक्ति युवा भएको बताउनुभएको छ। नयाँ दिल्लीमा संस्थागत विकास योजना सम्बन्धी कार्यशालालाई सम्बोधन गर्दै श्री प्रधानले भारतीय उच्च शिक्षा संस्थाहरूले केवल डिग्री हस्तान्तरण गर्नुको सट्टा योग्यतालाई प्राथमिकता दिने एउटा बलियो इकोसिस्टम प्रदान गर्न आवश्यक छ भन्नुभयो।

## 8. Green Hydrogen

हरित हाइड्रोजन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको दोस्रो संस्करण नयाँ दिल्लीमा ११ देखि १३ सेप्टेम्बरसम्म आयोजना हुनेछ। नयाँ तथा नवीकरणीय उर्जा मन्त्री श्री प्रल्हाद जोशीले आज सो जानकारी दिनुभएको हो । तीन दिने कार्यक्रमको उद्देश्य हरित हाइड्रोजन परिदृश्यको सन्दर्भमा विश्वव्यापी वैज्ञानिक समुदाय र उद्योगहरूसँग संलग्नता बढाउनु रहेको छ।

## 9. Nagaland - Landslide

नागाल्याण्डको राष्ट्रिय राजमार्गमा पहिरोमा परी छ जनाको मृत्यु भएको छ भने राजधानी कोहिमा र दिमापुर जोड्ने मार्ग अवरुद्ध भएको छ। अविरल वर्षाका कारण राजमार्गको केही भाग पूर्णरुपमा बगाएको छ । प्राप्त जानकारीअनुसार बेपत्ता व्यक्तिहरूको खोजी र उद्धार कार्य जारी छ।

## 10. Nepal Trade Route

नेपालले दुई सातादेखि बन्द रहेको चीनसँगको महत्वपूर्ण व्यापारिक नाका खासा मंगलबार पुनः खोलेको छ । चीनको तिब्बत क्षेत्रको नियालम र खासामा दुईवटा सुरुङ निर्माण कार्यका कारण खासा व्यापार मार्ग बन्द भएको हो । व्यापार मार्ग खुलेपछि नेपालका व्यापारीलाई ठूलो राहत मिलेको छ । नेपालमा अर्को महिना सबैभन्दा ठूलो चाड दशैं आउँदैछ । यस्तो अवस्थामा सीमापारबाट मालसामान बोकेका ट्रकलाई काठमाडौं प्रवेश गर्ने बाटो खुलेपछि व्यवसायी खुसी भएका छन् ।

## 11. Badminton Taipei

भारतका सतीश कुमार करुणाकरण र शंकर सुब्रमण्यम ताइपेई ओपन ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको क्वाटरफाइनलमा प्रवेश गरेका छन् । करुणाकरणले थाइल्यान्डका कान्ताफोन वाङ्चारोइनलाई पराजित गरे। सुब्रमण्यमले फिनल्याण्डका जोकिम ओल्डोर्फलाई पराजित गरे।

## 12. Paris Paralympics

भारतका सचिन सर्जेरावले पेरिस पारालिम्पिकमा पुरुष सटपुटमा रजत पदक जितेका छन् । उनले १६ दशमलव ३–२ मिटरको एसियाली कीर्तिमान हान्दै देशका लागि रजत जितेका थिए । यो भारतको २१ औं पदक हो। यस वर्ष जापानमा भएको विश्व पारा एथलेटिक्स च्याम्पियनसिपमा पनि सचिनले स्वर्ण पदक जितेका थिए । पदक जितेका सचिन सर्जेरावलाई राष्ट्रपति र प्रधानमन्त्रीले बधाई दिनुभएको छ ।  एक सामाजिक सञ्जाल पोस्टमा, राष्ट्रपतिले सचिनले कठिनाइहरू पार गरेर विश्व स्तरको प्रदर्शन दिएको बताउनुभएको छ।  आज भारतले साइक्लिङ, सुटिङ, प्याराटेबल टेनिस र पावर लिफ्टिङमा हार बेहोरेको छ । आर्चरीमा पुरुषको व्यक्तिगत रिकर्भ इभेन्टमा हरविन्दर सिंहले आफ्नो चुनौती प्रस्तुत गर्दैछन्। पदक तालिका भारत 3 स्वर्ण, 8 रजत र 10 काँस्यसहित 21 पदकका साथ उन्नाइसौँ स्थानमा छ।